# सुनिलस्मृति गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## सुलिचौर, रोल्पा




## आर्थिक वर्ष २०८०/०८१ प्रथम चौमासिक

## सार्वजनिक सुनुवाई कार्यक्रम

# प्रतिवेदन

रेडियो सभ्यता एफ.एम. ९९.५ मेगाहर्ज

सुनिलस्मृति गाउँपालिका सुलिचौर, रोल्पा


"जनआकाङ्क्षा पूरा गर्ने हाम्रो सङ्कल्पः दिगो विकास र सुशासन मात्र विकल्प"
आ.व. २०८०/०८१ को प्रथम चौमासिक
सार्वजनिक सुनुवाई कार्यक्रम


"जनआकाङ्क्षा पूरा गर्ने हाम्रो सङ्कल्पः दिगो विकास र सुशासन मात्र विकल्प"
आ.व. २०८०/०८१ को प्रथम चौमासिक
सार्वजनिक सुनुवाई कार्यक्रम
मिति: २०८० मंसिर २५ गते
समय: १०:३० बजे
स्थान: वडा नं. २ हरिगाउँको खेल मैदान
आयोजक:
सुनिलस्मृति गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुलिचौर, रोल्पा

# सुनिलस्मृति गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय सुलिचौर, रोल्पा

## आर्थिक वर्ष २०८०/०८१ प्रथम चौमासिक

# सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिवेदन

## १) परिचय/पृष्टभूमी

रोल्पा जिल्लाका विभिन्न पालिकाहरु मध्य सुनिलस्मृति गाउँपालिका पनि एक हो । यस पालिकाले सुशासन, पार्दशिता, मितब्ययिता र जनउत्तरदायि शासन कायम गर्नका लागि निरन्तर लागिरहेको छ । जनतासंग नजिक भई उनिहरुको गुनासो, सुझाव, प्रतिकृया, भोगाइ, अनुभवलाई समेट्दै सरकार संचालन गर्नु सुशासनको आधारशिला हो । यहि आधारशिलालाई कार्यन्वयन गर्ने माध्यम भनेको सार्वजनिक सुनुवाई हो ।

सार्वजनिक सुनुवाई कार्यक्रममा जनताको हरेक समस्या, गुनासो, दुखेसो र भोगाइ सेवाप्रदायकले सुन्न पाउनुका साथै कार्य सम्पादन गर्दा भए गरेका कमि कमजोरीहरुलाई पनि औल्याउने गरिन्छ । जनताको प्रश्नलाई साक्षात्कार गर्दै भए गरेका समस्या, गुनासो र सुझावलाई समेट्दै आगामि आर्थीक वर्षको नीति, योजना तथा कार्यक्रममा समेट्न सके जनताले सरकारको अपनत्व गर्दछन् । यसलाई कार्यान्वयनमा लैजानका लागि यसभन्दा अघिल्लो जनप्रतिनिधिहरुले पनि सार्वजनिक सुनुवाई कार्यक्रम नियमित रुपमा गरेका थिए भने सुनिलस्मृति गाउँपालिकाका अहिलेका जनप्रतिनिधि तथा कर्मचारीहरुले सार्वजनिक सुनुवाई कार्यक्रमलाई उच्च प्राथमिकतामा राखेर कार्यक्रम संचालन गर्दै आइरहेको छ ।

सुनिलस्मृति गाउँपालिकामा दोस्रो कार्यकालका लागि जनप्रतिनिधिहरु आइ सके पश्चात विगत देखि हुँदै आएको सार्वजनिक सुनुवाई कार्यक्रमलाई अझै ब्यवस्थित गर्दै लगिएको छ । सुनिलस्मृति गाउँपालिकाले प्रत्येक चौमासिकमा घुम्ति सार्वजनिक सुनुवाई कार्यक्रम गर्दै आइरहेको छ । प्रत्यक चौमासिक सार्वजनिक सुनुवाई फरक-फरक वडामा संचालन गर्ने गरिएको छ भने वार्षिक सार्वजनिक सुनुवाई भने पालिका केन्द्रमा नै गर्ने गरिएको छ । सार्वजनिक सुनुवाई कार्यक्रमलाई कानूनि बैधता दिनका लागि कार्यविधि बनाएर नै कार्यक्रम गर्न थालिएको छ ।

आम जनताको गुनासो सुन्नका लागि विभिन्न माध्यमहरु गाउँपालिकाले अपनाइरहेको भए पनि अझै जनतासंग नजिक भएर गुनासो, सुझाव तथा प्रतिकृया संकलन गर्दै सार्वजनिक सुनुवाईलाई सत्य, तथ्य र निष्पक्षे बनाउनका लागि एक जना सार्वजनिक सुनुवाई संयोजक नियुक्ति गरि वडाको प्रत्यक टोल-टोलमा सुझाव संकलन, नागरिक प्रतिवेदन तथा निर्गम अभिमत संकलन गर्ने गरिएको छ । कार्यक्रममा धेरै भन्दा धेरै सहभागिता होस भन्नका लागि संचारमाध्यम, पत्रपत्रिका, सामाजिक संजालको प्रयोग गरि व्यापक प्रचार-प्रसार गरिएको थियो । कार्यक्रमलाई तठस्त र निष्पक्ष बनाउनका लागि सार्वजनिक सुनुवाई संयोजकले नै सहजिकरण गर्ने व्यवस्था गरिएको थियो ।

## २) कार्यक्रमको उद्धेश्य

गाउँपालिकाले विभिन्न नीति, कार्यक्रम तथा योजनाहरु सम्पन्न गरेर मात्र सार्थकता नहुने भएकाले गाउँपालिकाले सम्पन्न गरेका विभिन्न कार्यक्रम तथा योजनाहरुका बारेमा जनताहरुलाइ जानकारी दिने, गाउँपालिका, वडा कार्यालयले प्रदान गर्ने सेवा प्रवाहका बारेमा जानकारी आम सेवाग्राहिहरुलाई दिनुका साथै सेवा प्रदायकहरुको गुनासो, सुझाव, सल्लाह, समस्यालाई सहजिकरण गर्नुका साथै आगामि आर्थिक वर्षको नीति, कार्यक्रम तथा योजनाहरुमा नागरिकहरुको गुनासो सम्वोधन गर्नु मुख्य उदेश्य हो

यसका अलावा योजना सम्पन्न गर्दा कहि कतै अनियमितता भएका, ढिला सुस्ति भएका, झन्जट भएको खण्डमा नागरिकहरुले खवरदारी गर्ने अवसर पनि सार्वजनिक सुनुवाई कार्यक्रममा प्राप्त हुन्छ ।

सेवा प्रदायक निकाय र सेवाग्राहि विचमा साँझा बुझाइ गर्नु पनि सार्वजकि सुनुवाई कार्यक्रमको उद्य हो । गाउँका दुर दराजमा रहेका समस्याहरु सम्वन्धित सेवाप्रदायक निकाय सम्म पुऱ्याउनु पनि सार्वजनिक सुनुवाई कार्यक्रमले पुलको भूमिका निर्वाह गर्ने गर्दछ ।

## ३) विधि

आर्थिक वर्ष २०८०-०८१ को प्रथम चौमासिक प्रगति समिक्षा तथा सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गर्नका लागि गाउँपालिकाको कार्यपालिका बैठकले मिति, समय र स्थान तय गरेको थियो । सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गर्ने निर्णय पश्चात ग्रामिण इलाकामा सुझाव संकलन तथा निर्गम अभिमत, नागरिक प्रतिवेदन संकलन गर्न सार्वजनिक सुनुवाई सहजिकरण गर्नका लागि एक जना सार्वजनिक सुनुवाई संयोजकलाई नियुक्ति गरिएको थियो । मंसिर ५ गतेदेखि सुनिलस्मृति गाउँपालिकाका विभिन्न वडा तथा बस्ति स्तरमा सुझाव संकलन, निर्गम अभिमत, नागकिर प्रतिवेदन संकलन गर्नका लागि पठाइएको थियो ।

वडा, टोल, बस्तिमा जाँदा आम नागरिकहरुलाई सार्वजनिक सुनुवाई कार्यक्रममा उपस्थितीका लागि आग्रह समेत गरिएको थियो । मंसिर २० गते सम्म सुझाव संकलन, नागरिक प्रतिवेदन र निर्गम अभिमत संकलन अभियान सकिएको थियो । कार्यक्रममा धेरै भन्दा धेरै सहभागिता होस भन्नका लागि विभिन्न सामाजिक संजाल, मिडिया, पत्रपत्रिकामा प्रचार-प्रसार गर्नुका साथै पत्राचार समेत गरिएको थियो । कार्यक्रममा अधिक सेवाग्राहिहरुको सहभागिताका लागि, सुझाव संकलनमा सहजताका लागि वडाका जनप्रतिनिधि र कर्मचारीहरुलाई आग्रह समेत गरिएको थियो ।

## ४) समन्वय र प्रचार-प्रसार

आर्थिक वर्ष २०८०-०८१ को प्रथम चौमासिक प्रगति समिक्षा तथा सार्वजनिक सुनुवाई कार्यक्रम गर्ने मिति तय भए पश्चात कार्यक्रम कसरी सम्पन्न गर्ने भन्ने बारेमा छलफल गरिएको थियो । कार्यक्रमलाई सभ्य र भब्य बनाउनका लागि साथै बस्ति स्तरमा सम्पुर्ण नागरिकहरुको गुनासो कार्यक्रममा समावेश गर्नका लागि गाउँपालिका भित्रका प्रत्यक टोल-टोलमा पुग्न वडा अध्यक्ष र वडा सदस्यहरुसंग समन्वय गरिएको थियो ।

सुझाव संकलन, नागरिक प्रतिवेदन र निर्गम अभिमत संकलनका लागि आएका सहभागिहरुलाई सार्वजनिक सुनुवाई कार्यक्रममा सहभागिताका लागि आग्रह गरिएको थियो भने वडा अध्यक्ष र सदस्यहरुलाई वडाबाट सके सम्म धेरै सहभागि लिन आग्रह गरिएको थियो । गाउँपालिकाको सूचना पार्टी, फेसबुक पेज, वेबसाइट लगाएतका सामाजिक संजालहरुबाट सूचना प्रवाह गरिएको थियो । जिल्लाका क्रियाशिल पत्रकारहरु, नागरिक समाज, वुद्धिजिवि, समाजसेवि, ब्यापारी लगायतलाई उपस्थितिका लागि आग्रह गरिएको थियो । जिल्लामा रहेको संचारमाध्यम, पत्रपत्रिकाहरुमा निरन्तर सुचना प्रवाह गर्नुका साथै सार्वजनिक सुनुवाई कार्यक्रमको प्रचार-प्रसारका लागि अन्तरवार्ता, कुराकानी, छलफल समेत धेरै पटक सम्पन्न गरिएको थियो ।

सार्वजनिक सुनुवाई गर्नु पुर्व बस्ति स्तरमा सुझाव संकलन, नागरिक प्रतिवेदन र निर्गम अभिमत संकलन कार्यक्रमको समाचार, सुचनालाई प्राथमिकताका साथ प्रचार-प्रसार गरिएको थियो । यसका साथै विभिन्न रानीतिक दल, सुरक्षाकर्मी, पत्रकार लगायतलाई पत्राचारका साथै फोन मार्फत कार्यक्रमको मिति, समय र स्थानका बारेमा पटक-पटक जानकारी गराइएको थियो ।

## ५) निर्गम/बहिर्गमन अभिमत

सुनिलस्मृति गाउँपालिका भित्र रहेको विभिन्न ४ वटा वडामा सेवा प्रदायक कार्यालयले दिएको सेवा, सेवाग्राहिहरुलाई कस्तो लाग्यो भनि प्रत्यक वडामा १५-१५ वटा निर्गम अभिमत संकलन गरिएको थियो । प्रथम चौमासिक सार्वजनिक सुनुवाई भएकाले गाउँपालिका भित्रका विभिन्न ४ वटा वडामा मात्र नागरिक प्रतिवेदन र निर्गम अभिमत संकलन गर्ने गाउँपालिकलो निर्णय गरेको थियो ।

## ६) नागरिक प्रतिवेदन

सुनिलस्मृति गाउँपालिको वडा नं. १ घोडागाउँको थुम्पाकी, २ खुँग्री महेन्द्रि, ३ मिभिङ वडा कार्यालय आसपासमा र खारा भन्ने स्थानमा र ४ सुलिचौरको बाग्ममाका विभिन्न वस्ति स्तरमा पुगि प्रत्यक वडामा १५ वटा नागरिक प्रतिवेदन संकलन गरिएको थियो । कार्यविधिको नागरिक प्रतिवेदनको नमूना अनुसुचि अनुसार प्रतिवेदन तयार गरिएको थियो ।

## ७) निर्गम अभिमत मार्फत प्राप्त प्रश्न तथा प्रतिक्रिया

विभिन्न कार्यालयबाट प्रदान गरिएका सेवाप्रवाहका साथै कर्मचारीको सेवाग्राही प्रतिको व्यवहार, कार्यालयको राम्रो पक्ष, सुधार गर्नु पर्ने कुराहरु तथा प्रश्न, प्रतिकृया समेत निर्गम अभिमतमा संकलन गरिएको थियो । वस्ती स्तरमा प्राप्त राम्रो पक्ष तथा सुधार गर्नु पर्ने कुराहरु साथै प्रश्न प्रतिकृया र सम्वन्धित अधिकारीले दिएको समाधान यस प्रकारको रहेको छ ।

क) सुनिलस्मृति गाउँपालिका वडा नं. १ घोडागाउँको थुम्पाकी

| क्र. स. | प्रश्नकर्ताको नाम | सुझाव प्रश्न तथा गुनासो | गुनासो सम्बोधन गर्ने व्यक्ति | गुनासो सम्बोधनको किसिम | कैफयत |
|---|---|---|---|---|---|
| १. | हिराबहादुर कामी | स्कुलमा भ्रष्टचार भएको विद्यार्थीहरुले खाजा खर्च नपायको, पद्मोदय सामुदायिक वनमा भ्रष्टचार भएको, स्कुल नजिकै माधक पदार्थ बेचबिखन भएको, विद्यालयमा पानी, चर्पीको समस्या | सुनिलस्मृति गाउँपालिका वडा नं. १ का कार्यवाहक वडा अधयक्ष नरेन्द्र थापा / शिक्षा शाखा प्रमुख यादव केसी | विद्यालयमा भएको सम्पुर्ण समस्याहरुका बारेमा आफु जानकार रहेको, समस्या समाधानका लागि सम्वन्धित निकायमा पहल गरिरहेको, विद्यालय आसपासमा माधक पदार्थ बेचविखन भएको बारेमा नियमन गरि बेचविखन नगर्न आग्रह गर्ने, बनमा भएको भ्रष्टचारको विषयमा कुनै उजुरी नआएको/ विद्यालयमा भ्रष्टचार कुन विषयमा भएको हो प्रष्ट नखुलेको, खाजा खर्च नपाएको विषयमा खोजि गर्ने, आर्थिक अभावका कारण विद्यालयमा भौतिक पुर्वाधारको अभाव भएको स्विकार ॥ | |
| २. | भिमबहादुर घर्ती क्षेत्री | विद्यालयमा प्रत्यक महिना बैठक नवसेको, शिक्षकले गृहकार्य पनि नदिएको | सुनिलस्मृति गाउँपालिका शिक्षा शाखा प्रमुख यादव केसी | सुनिलस्मृति गाउँपालिका शिक्षा शाखाले वार्षिक कति पटक विव्यस, शिअसं, स्टाप मिटिङ बस्ने भनेर कार्य तालिका नै बनायकाले प्रगति विवरण उक्त कुरा उल्लेख गर्नु पर्ने भएकाले पनि बैठक अनिवार्य बस्नु पर्ने, विद्यार्थिहरुलाई गृहकार्य अनिवार्य दिनु पर्छ भन्ने पुरानो मान्यता भएकाले | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | गृहकार्य दिनै पर्छ भन्ने अनिवार्य नभएको तर सके सम्म विद्यार्थिहरुलाई ब्यस्त बनाउन आग्रह । | |
| ३ | धनबहादुर भण्डारी | बाटोमो अवस्था नाजुक, विद्यालयको जनिकैको देवि मन्दिरको ब्यवस्थापन गर्न, सिचाइको ब्यवस्था नभएको | सुनिलस्मृति गाउँपालिका अध्यक्ष मणिराम बुढाथोकी | गाउँपालिका भित्रका विभिन्न मुख्य तथा भित्रि सडकहरुलाई क्रमैसग स्तरोन्नती गर्दै लगिने, विभिन्न कृषियोग्य भूमिमा संघ, प्रदेश र स्थानिय सरकारको प्रयासमा सिचाइको ब्यवस्था गर्ने । | |
| ४ | पुष्पा खड्का | विभिन्न तालिमहरु घोडागाउँमा मात्र पर्ने गरेको, विद्यालयको स्रोत कमजोर भएको कसैले पनि नहेरेको | सुनिलस्मृति गाउँपालिका वडा नं. १ का कार्यवाहक वडा अधयक्ष नरेन्द्र थापा | वडा तथा पालिकामा विभिन्न तालिम पर्दा सम्पुर्ण वडामा, विभिन्न वडाका कलस्टरहरुका वडा सदस्यहरु मार्फत जानकारी गराउन आग्रह गरेको र विभिन्न कलस्टरहरुबाट प्रतिनिधित्व हुने गरि छनौट गरेको । | |
| ५ | डिल्लीराज भण्डारी | विद्यालय १० कक्षा सम्म संचालन गर्नु पर्ने, विद्यालयका लागि एउटा भवन र दुइवटा सौचालयको गाउँपालिकाले ब्यवस्था गर्नु पर्ने | सुनिलस्मृति गाउँपालिकाका अध्यक्ष मणिराम बुढाथोकी | विद्यालयको भौतिक संरचनाको अवस्था नाजुक रहेको स्विकार, अहिले यउटा भवन तयार भइ सकेको, कुनै स्रोतको जोह गरेर यउटा सौचालय बनाउने प्रतिवद्धता । | |

नागरिक प्रतिवेदन र निर्गम अभिमत संकलनको समयमा लिइएको सुनिलस्मृति १ थुम्पाकीको फोटो






ख) सुनिलस्मृति गाउँपालिका वडा नं. २ खुंग्रीको महेन्द्रि

| क्र. स. | प्रश्नकर्ताको नाम | सुझाव प्रश्न तथा गुनासो | गुनासो सम्बोधन गर्ने व्यक्ति | गुनासो सम्बोधनको किसिम | कैफयत |
|---|---|---|---|---|---|
| १. | गीता मरमथामी | नेता भएकोमा मात्र वजेट पार्ने, पिपलटारमा बाटो नबनेको, पानीको समस्या, अन्य जातिले छुइन्छ भन्ने गरेको, कुनै पनि स्वरोजगार मुलक तालिम नपरेको | सुनिलस्मृति गाउँपालिका वडा नं. २ का वडा अधयक्ष नेत्रबहादुर गिरी | वडा नं. २ मा सबै भन्दा ठुलो खाने पानीको समस्या रहेको स्विकार । खानेपानी समस्या समाधानका लागि आफुले प्रदेश र संघमा पहल गरिरहेको । महेन्द्रीमा खाने पानी समस्याका समाधानका लागि आफु लागि परेको, छुवाछुट भएको भन्ने विषय आफुलाई कुनै उजुरी नआएको । यदि त्यसो भएको भए वडा तथा न्यायिक समितिमा उजुरी गर्न आग्रह । वडाका धेरै जसो वस्तिहरुमा बाटो पुगि सकेको केही बाँकी भएको ठाउँहरुमा सडक पुर्वाधार पुऱ्याउने प्रतिवद्धता, वडाले महिलाहरुलाई लक्षित गरि विभिन्न सिपमुलक तालिमको ब्यवस्था गरिरहेको । विकाश निमार्णको काम गर्दा कुनै पनि पहुँचको आधारमा नभइ आवश्यकताको आधारमा योजना बनायको दावि | |
| २ | शिवराज रेग्मी | च्यानधाराको स्वस्थ्य सस्थामा लापरवाही भएको, वडाबाट पानी धारा, ट्याङ्की, | सुनिलस्मृति गाउँपाका वडा नं. २ का वडा अध्यक्ष नेत्रबहादुर गिरी | च्यानधाराको स्वास्थ्य सस्थामा पानीको ब्यवस्था गरि सकेको, फोहोर जलाउने खाडल खन्नका लागि आग्रह गरेको तर | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | फोहोर जलाउनका लागि खाडल खन्ने निर्णय गरे पनि कार्यान्वयन नगरेको, आफ्नै वडाबाट निर्वाचित भएका गाउँपालिकाका उपाध्यक्षले स्थानियहरुको समस्या के छ भनेर कहिले नबुझेको | । <br><br> सुनिलस्मृति गाउँपालिकाका उपाध्यक्ष मिना थापा | नखनेको, खाडल खनेर बजेट माग्न आय व्यवस्था गर्ने प्रतिवद्धता ।<br><br>कार्य व्यवस्थाका कारण आफु हरेक टोल-टोलमा पुगेर आम नागरिकहरुको समस्या बुझ्न नसकेको स्विकार गर्दै आगामी दिनहरुमा गाउँ बस्तीमा आम नागरिकहरुको समस्या बुझ्ने प्रतिवद्धता व्यक्त । | |
| ३ | गेहराज घर्ती | खेलकुद मैदानमा गाउँपालिकाले लगानी गर्नु पर्ने, महेन्द्रिमा खसी, बोकाको बजारीकरण नभएको | सुनिलस्मृति गाउँपालिकाका अध्यक्ष मणिराम बुढाथोकी | पालिका भित्र रहेको विभिन्न खेलकुद मैदानहरु व्यवस्थापन गर्न लागि पर्ने । स्थानिय कृषकहरुले उत्पादन गरेको कृषि उपज, पशु जन्य उपभोग्य बस्तुहरुको बजारीकरणका लागि सहजिकरण गरिरहेको । | |
| ४ | जयन्ती थापा | सहास नेपाल भन्ने सस्था महेन्द्रिबाट हट्न लागेकाले आफुहरु साहारा विहिन हुन थालेकाले सोही प्रकारको कार्यक्रम गाउँपालिकाले लिनु पर्ने | गाउँपालिका उपाध्यक्ष मिना थापा | सहास नेपालले सुनिलस्मृतिमा स्वरोजगार, कृषि, पशु लगायत आर्थिक उत्पादनमा योगदान गरेको उल्लेख गर्दै सहास नेपाल सुनिलस्मृतिबाट बाहिरीय पनि त्यस्ता खालका कार्यक्रम पालिकाले पनि संचालन गर्ने भनाई । | |

नागरिक प्रतिवेदन र निर्गम अभिमत संकलनको समयमा लिइएको सुनिलस्मृति २ महेन्द्रिको फोटो





ग) सुनिलस्मृति गाउँपालिका वडा नं. ३ मिभिङ

| क्र. स. | प्रश्नकर्ताको नाम | सुझाव प्रश्न तथा गुनासो | गुनासो सम्बोधन गर्ने व्यक्ति | गुनासो सम्बोधनको किसिम | कैफयत |
|---|---|---|---|---|---|
| १. | नन्द्रा जिसी | चन्द्र प्रभा माविमा अङ्ग्रेजी विषयका शिक्षक विदा स्विकृति नगरेर विदामा बसेको, होष्टेल फि महंगो भएको, वडाले महिला स्वयम सेविकाहरुलाई आवश्यक वजेट विनियोजन नगरेको, महिला स्वास्थ्य स्वयम सेविकाहरुलाई ब्यवास्था गरेको | सुनिलस्मृति गाउँपालिका वडा नं. २ का वडा अधयक्ष दुर्गा बहादुर विष्ट | चन्द्रप्रभा माविमा अङ्ग्रेजी विषयको शिक्षकका बारेमा आफु पनि जानकार भएको यस्तो खालको समस्या समाधानका लागि सम्वन्धित निकाय जिम्मेवार भएर लाग्न आग्रह । विद्यालयले संचालन गरेको होष्टेलमा सबै विषयको पढाइ हुने, २ छाक खान, २ छाक नास्ता र बस्नको ब्यवस्था भएकाले त्यति महंगो नभएको भनाई । महिला स्वास्थ्य स्वयम सेविकाहरुले गरेको कामको प्रशंसा गर्दै उनिहरुका लागि वडाले केही सोचेको प्रतिकृया दिनु भएको छ । | |
| २ | पुर्णीमा गिरी | तरकारी, दुधको बजारीकरण नभएको, प्राविधिक विषय पढेकाहरुले पनि रोजगार पाउन नसकेको, | सुनिलस्मृति गाउँपालिका अध्यक्ष मणिराम बुढाथोकी | गाउँपालिकामा स्वरोजगारका लागि साथै कृर्षि र पशुजन्य उत्पादनको बजारी करणमा गाउँपालिकाले ध्यान दिएको प्रतिकृया । | |

नागरिक प्रतिवेदन र निर्गम अभिमत संकलनको समयमा लिइएको सुनिलस्मृति ३ मिभ्झिङको फोटो



घ) सुनिलस्मृति गाउँपालिका वडा नं. ४ बाग्मा

| क्र.स. | प्रश्नकर्ताको नाम | सुझाव प्रश्न तथा गुनासो | गुनासो सम्बोधन गर्ने ब्यक्ति | गुनासो सम्बोधनको किसिम | कैफयत |
|---|---|---|---|---|---|
| १. | इन्द्रा रोका | विद्यालय वरीपरी फोहोर व्यवस्थापन | सुनिलस्मृति गाउँपालिका वडा नं. ४ | विद्यालय वरिपरी फोहोर व्यवस्थापनका लागि सम्वन्धित निकायलाई | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | नभएको, स्कुल आसपारमा जाँड रक्सी खाने, जुवा तास खेल्ने गरेकाले यसको नियन्त्रण गर्नु पर्ने । डस्टविनको व्यवस्था नभएको | का कार्यवाहक वडा अधयक्ष निर्मला पुनमगर | ध्यानाकर्षण गराउने, बाग्मामा जाँड रक्सी, जुवा तासा खेल्ने समस्या नियन्त्रणका लागि प्रयासरत रहेको । स्कुल परिसर र आसपास क्षेत्रमा डष्टविनको व्यवस्था गर्ने प्रतिवद्धता । | |
| २ | पदमा रोकामगर | बाग्मामा स्वास्थ्य सेवा राम्रो नभएको, जैरेमा पोल गाडेको तर बत्ति नबलेको, स्वास्थ्य सेवा महंगो भएको, सडकको अवस्था नाजुक भएको | सुनिलस्मृति गाउँपालिका स्वास्थ्य शाखा प्रमुख मोतिम आलम । गापा अध्यक्ष मणिराम बुढाथोकी | स्वास्थ्य सेवा प्रभावकारी बनाउनका लागि आफुहरु लागि परिरहेको ।<br><br>सडक स्तरोन्नतीका लागि गाउँपालिकाले प्राथमिकता दिइरहेको छ । पालिका भित्रका विभिन्न स्थानमा विद्युत वितरणका लागि पहल गरिरहेको । | |

नागरिक प्रतिवेदन र निर्गम अभिमत संकलनको समयमा लिइएको सुनिलस्मृति ४ बाग्माको फोटो





## ८) प्रथम चौमासिक सार्वजनिक सुनुवाई/कार्यक्रम विवरण

सुनिलस्मृति गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को प्रथम चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम हरिगाउँ खेलकुद मैदानमा सम्पन्न भएको छ। "जनआकांक्षा पुरा गर्ने हाम्रो संकल्प, दिगो विकास र सुशान हाम्रो बिकल्प" भन्ने मुल नाराको साथ गाउँपालिकाको सार्वजनिक सुनुवाई कार्यक्रम हिजो मंसिर २५ गते (सोमबार) सुनिलस्मृति गाउँपालिकाको वडा नम्बर २ खुग्रीको हरिगाउँमा सम्पन्न भएको हो ।

गाउँपालिकाले सुशासन (सञ्चालन तथा व्यवस्थापन), ऐन २०६४ को दफा ३० तथा गाउँपालिकाको सार्वजनिक सुनुवाइ सम्बन्धी कार्यविधि, २०७९ बमोजिम चौमासिक सार्वजनिक सुनुवाइ गरेको हो । गाउँपालिकामा आर्थिक वर्ष २०८०/०८१ को प्रथम चौमासिक रूपमा सम्पन्न भएका विकास योजना कार्यक्रम, सेवा, प्रवाह लगाएत समग्र क्रियाकलापको बारेमा सार्वजनिक सुनुवाइ गरिएको थियो । सुनिलस्मृति गाउँपालिकाले कार्यविधि नै बनाएर चौमासिक सार्वजनिक सुनुवाइ कार्यक्रमलाई कुनै एक वडाको वस्तीस्तरमा र वार्षिक सार्वजनिक सुनुवाइ कार्यक्रमलाई गाउँपालिकाको केन्द्रमा गर्दै आएको छ ।

सुनिलस्मृति गाउँपालिका अध्यक्ष मनिराम बुढाथोकीको अध्यक्षतामा कार्यक्रम भएको थियो । उक्त सार्वजनिक सुनुवाई कार्यक्रममा उपाध्यक्ष मिना थापा, प्रमुख प्रशासकीय अधिकृत गोबिन्द भट्टराई, वडा न. १ का कार्यवाहक वडा अध्यक्ष नरेन्द्र थापा, वडा न. २ का वडा अध्यक्ष नेत्रबहादुर गिरी, वडा न. ३ का वडा अध्यक्ष दुर्गाबहादुर बिष्ट, वडा न. ४ का कार्यवाहक वडा अध्यक्ष निर्मला पुनमगर, वडा न. ६ का अध्यक्ष लोकेन्द्र बहादुर थापा, वडा न. ७ का वडा अध्यक्ष रेशम सर्मा (रिजाल), र वडा न. ८ का वडा अध्यक्ष धनराम रोकाको आतिथ्यता रहेको थियो । कार्यक्रममा  कार्यपालिकाका सदस्यकरु, वडा सस्दयहरु, विभिन्न समाजसेवी, नागरिक समाजका अगुवा, बुद्धिजिवीहरुको आतिथ्यता रहेको थियो ।

त्यस्तै सोही कार्यक्रममा नेकपा माओवादी केन्द्रका शान्तराम साह (चिन्तन), राप्रपाका प्रतिनिधि बमबहादुर थापा, समाजसेवी, वुद्धिजिवी नागरिक समाजका तुलाराम बुढा र पुर्णबहादुर सेन, नेपाल पत्रकार महासंघ रोल्पाका सचिव लोकेन्द्र चन्द लगायत टोलबिकास समिति, आमा समुह, युवा क्लब, बाल क्लब, बिभिन्न विद्यालयका शिक्षक, गाउँपालिकाका कर्मचारी लगाएत आम नागरिकहरुको सहभागिता रहेको थियो ।

सार्वजनिक सुनुवाई कार्यक्रममा सहभागि नागरिकहरु बाट उठेका शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र खानेपानी, सिंचाई, पुर्वाधार, बिधुत, आदीको क्षेत्रमा समस्या भएको बताएका थिए । स्थानिय सरकारले अहिले सम्म सबै राम्रै कामको लागी प्रयास गरेकोमा स्थानिय सरकार सुनिलस्मृती गाँउपालिकालाई धन्यवाद पनि दिएका थिए । सार्वजनिक सुनुवाई कार्यक्रममा सहभागि नागरिकहरु बाट आएका प्रशन एंव जिज्ञासाको जवाफ गाउँपालिका अध्यक्ष मणिराम बुढाथोकी, उपाध्यक्ष मिना थापा, प्रमुख प्रसासकीय अधिकृत गोबिन्द भट्टाई सम्रग गाँउपालिका सँग उठेका प्रशन एंव जिज्ञासाहरुको जवाफ दिनु भएको थियो भने, वडा सँग सम्बिन्धीत रहेर उठेका प्रशन एंव जिज्ञासाहरुको वडा न. १ का कार्यवाहक वडा अध्यक्ष नरेन्द्र थापा, वडा न. २ का वडा अध्यक्ष नेत्रबहादुर गिरी, वडा न. ३ का वडा अध्यक्ष दुर्गाबहादुर बिष्ट, वडा न. ४ का कार्यवाहक वडा अध्यक्ष निर्मला पुनमगर र गाउँपालिकामा रहेका विभिन्न बिषयगत शाखाका प्रमुख लगाएतले जवाफ दिनु भएको थियो ।

कार्यक्रमको सहजीकरण रेडियो सभ्यताका पत्रकार गणेश केसीले गर्नुभएको थियो कार्यक्रममा आर्थिक वर्ष २०८०-०८१ को प्रथम चौमासिक प्रगति प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृत गोविन्द भट्टराइले पेश गर्नु भएको थियो । कार्यक्रमको विभिन्न सामुदायिक रेडियोहरुले अडियो तथा भिडियो प्रत्यक्ष प्रशारण गरेका थिए ।

## ९) कार्यक्रममा सहभागीले राखेका जिज्ञासा र त्यसको सम्बन्धित सरोकारवालाको जवाफ

### केही महत्वपुर्ण मात्र

| क. स. | प्रश्नकर्ताको नाम | सुझाव प्रश्न तथा गुनासो | गुनासो सम्बोधन गर्ने ब्यक्ति | गुनासो सम्बोधनको किसिम | कैफयत |
|---|---|---|---|---|---|
| १. | बमबहादुर थापा / सुनिलस्मृति २ हरिगाउँ, रोल्पा | खुंग्री हरिगाउँ मोटर बाटो र हरिगाउँ उपल्लो गाउँ जाने मोटर बाटो स्तरोन्नती गर्नु पर्ने, विभिन्न सिचाइ कुला ब्यवस्थापन गर्नु पर्ने, सोलार लिफ्ट योजना अलपत्र परेको । | सुनिलस्मृति गाउँपालिकाका अध्यक्ष मणिराम बुढाथोकी | वडा भित्रका सम्पुर्ण सडकहरुलाई बाह्रै महिना सुचारु गर्ने प्रयास गरिरहेको । हरिगाउँको उपल्लो गाउँ जाने मोटर बाटो लत्काल सुचारु गर्ने, ६५ लाखको सोलार लिफ्ट सिचाइ योजना संचालनका लागि संम्वन्धित निकायसंग पलह गर्ने । खाने पानी र सिचाइ ब्यवस्थापनलाई प्राथमिकता दिने । | |
| २. | पुर्णबहादुर पुन / सुनिलस्मृति २ हरिगाउँ, रोल्पा | पालिकाको २ सय जनालाई रोजगार दिने कार्यक्रम कता गयो ? हरि गाउँमा उत्पादन भएको प्याज, लसुन लगायतको किसानले उत्पादन गरेको मसला वाली कुहियर खेर गएको, | सुनिलस्मृति गाउँपालिकाका अध्यक्ष मणिराम बुढाथोकी | सुनिलस्मृति गाउँपालिकामा स्वरोजगार सृजना गर्नका लागि सक्दो प्रयास गरिरहेको । सुनिलस्मृति गाउँपालिका वडा नं. २ हरिगाउँमा मसला बालीका लागि कृषि ज्ञान केन्द्रले हेरिरहेकाले आफुहरुले किसानहरुले उत्पादन गरेको मसला कुहियर | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | बजारीकरणका लागि स्थानिय सरकारले ध्यान नदिएको । | | गयको भनेको सुन्दा दुःख लागेको र उत्पादित मसला बजारीकरणका लागि पालिकाले समन्वय गर्ने । | |
| ३. | अप्सरा शाहा/ सुनिलस्मृति २ हरिगाउँ, रोल्पा | खेत बारीमा लगाइरहेको कुलो खोला भासियकाले कुलो नचल्दा सिचाई गर्न समस्या भएको गुनासो | सुनिलस्मृति गाउँपालिकाका अध्यक्ष मणिराम बुढाथोकी | खोला भासियकाले कुलो नचलेको समस्यालाई गाउँपालिकाले के गर्न सक्छ आफु तयार गरेको । आफुलाई के आवश्यक परेको हो पालिकामा निवेदन दिन आग्रह गरेको । ज्ञाविन लगायर कुलो संचालन गर्न सक्ने अवस्था भएको भए आफुले त्यसको व्यवस्था गर्ने प्रतिवद्धता । | |
| ४. | गुप्तबहादुर थापा/ सुनिलस्मृति २ हरिगाउँ, रोल्पा | सुस्मीता स्मृति युवा क्लवको फिल्ड अभाव रहेको, क्लवको वार्षिकोत्सव मनाउन पनि विद्यालयको फिल्ड प्रयोग गर्नु पर्ने बाध्यता रहेको | गाउँपालिका अध्यक्ष मणिराम बुढाथोकी | विभिन्न क्लव, समुह लगायत प्रत्यक वडामा एक खेलकुद मैदान बनाउने गाउँपालिकाको उदेश्य भएकाले वडामा भएको विभिन्न खेलकुद मैदानहरुलाई ब्यवस्थित बनाउदै लैजाने भनाई ब्यक्त । | |
| ५. | बमबहादुर थापा क/ सुनिलस्मृति २ हरिगाउँ, रोल्पा | खुंग्री महेन्द्रि हुदै खलसिङ्गे जाने मोटरबाटो निमार्ण गर्नु पर्ने । | गाउँपालिकाका अध्यक्ष मणिराम बुढाथोकी | नगरपालिकादेखि खलसिङ्गे आउने बाटोको टेण्डर भएर निमार्ण प्रकृयामा रहेको तर बाटो कताबाट लैजाने भन्नेमा विवाद भएकाले सो विवाद तुरुन्त मिलाउन स्थानियहरुलाई आग्रह, खलसिङ्गेदेखि हरिगाउँ सम्म बाटो निमार्ण गर्नमा संघ र प्रदेश सरकारसंग | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | समन्वय गरिने भनाई व्यक्त । | |
| ६. | धनबहादुर भण्डारी/ सुनिलस्मृति १ थुम्पाकी, रोल्पा | थुम्पाकीमा स्वास्थ्य सस्थाको भवन बने पनि संचालनमा नआएको, सामाग्रीहरु आएको भनेको सुन पनि स्वास्थ्य सस्था सम्म नपुगेको, स्वास्थ्य सस्था संचालन गर्न आग्रह | गाउँपालिका अध्यक्ष मणिराम बुढाथोकी | हरि गाउँ र महेन्द्रिको विचमा रहेको चिहानधाराको स्वास्थ्य सस्था र सुनिलस्मृति गाउँपालिका वडा नं. १ थुम्पाकीमा रहेको स्वास्थ्य सस्थालाई तुरुन्तै संचालन गरिने प्रतिवद्धता । | |

फोटोमा प्रथम चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम

















## १०) निष्कर्ष

सेवाप्रदायक नियकाय र सेवाग्राहीविच दुरी नजिक बनाउदै साँझा बुझाइ निमार्ण गर्न र विभिन्न कार्यालय तथा स्थानिय सरकारहरुले गरेको गतिविधि आम नगरिकहरु समक्ष पुऱ्याउने साथै कार्य सम्पादन गर्दै गर्दा भए गरेको गल्ति, कमि, कमजोरी र सकरात्मक सुझाव लिने गतिलो फोरमको रुपमा सार्वजनिक सुनुवाईलाई लिने गरिन्छ ।

सेवाप्रदायक निकाय तथा कार्यालयहरुको गलत बुझाइका कारण सार्वजनिक सुनुवाई नगरेका धेरै दृष्टान्तहरु पनि छन । तर आँट गरेर सार्वजनिक सुनुवाई गरेका पालिका, विभिन्न कार्यालयहरुले भने त्यस पछि फरक अनुभुति र अनुभव सुनाएका छन । आफुले गरेका राम्रा कामहरुको पनि प्रचार-प्रसारको कमिका कारण र गलत बुझाइका कारण सेवाग्राहिहरुमा पर्न गएको असुविधा महशुस तथा क्रोधलाई अन्त्य गर्दै पालिका तथा सेवाप्रदायक कार्यालयले दिएको सेवामा सन्टुष्त थप्न पनि सार्वजनिक सुनुवाईले थप भूमिका खेलेको हुन्छ ।

यस प्रकारको कार्यक्रमले गाउँका कुना-कुनामा रहेका समस्याहरुलाई सम्वन्धित सेवाप्रदायक निकायहरु समक्ष पुऱ्याउन महत्वपुर्ण भूमिका खेल्नुका साथै गाउँ, समाजमा भएका समस्यालाई सकरी समाधान गर्न सकिन्छ भन्ने बारेमा पनि विज्ञ, स्थानिय वुद्धिजिवि, समाजसेविहरुले सकरात्मक सुझाव समेत दिने भएकाले कार्य सम्पादन गर्नमा सार्वजनिक सुनुवाईको अहम भूमिका हुन्छ । यसलाई अझैं सभ्य, भब्य र सबैको सहभागिता जुटाउनका लागि सबैले आ-आफ्नो तहबाट लाग्नु पर्छ ।

स्थानिय सरकारको केन्द्रमा आम दुरदराजका नागरिकहरुको समस्या, गुनासो नआइ पुग्ने भएकाले विभिन्न गाउँको वस्ति-वस्ति र टोलहरुमा पुगि संकलन गरिने नागरिकहरुको गुनासो, सुझाव र सस्या स्थानिय सरकारको केन्द्रमा पुऱ्याउनका लागि पनि सार्वजनिक सुनुवाईले भूमिका खेलेको देखिन्छ । कार्यालयले प्रत्यक चौमासिकमा गरेको गतिविधि, खर्च विवरण समेत सार्वजनिक सुनुवाईमा प्रस्तुत गरिने भएकाले विभिन्न योजना तथा कार्यक्रमहरुमा अनियमितता, भ्रष्टचारमा कमि आउनुका साथै मितब्ययिता समेत कायम हुने देखिन्छ । यसलाई निरन्तरता दिनु स्थानिय सरकारको दायित्व हो ।

११)सुझाव

क) कार्यक्रममा सहभागिको संख्या बढाउनका लागि कुनै उपाय अपनाउनु पर्छ ।

ख) गाउँ, टोलमा पुगेर भरिने नागरिक प्रतिवेदन फारम सरल बनाउनु पर्ने ।

ग) सार्वजनिक सुनुवाईमा उठेमा समस्याहरुलाई सकेजति छिटो समाधान गर्नु पर्छ ताकी सेवाग्राहिहरुमा जतिभने पनि केही हुँदैन भन्ने भावनाको विकाश नहोउस ।